आज मिति २०७८/०३/१० गते विहान ८.०० बजे यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झगबहादुर विश्वकर्मा ज्यूको अध्यक्षतामा तपशिल बमोजिमका कार्यपालिका सदस्यज्यूहरूको उपस्थितिमा गाउँकार्यपालिकाको ८५ औं बैठक बसि निम्न बमोजिमका निर्णयहरुका साथ सम्पन्न गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा | अध्यक्ष | |
| २ | श्री मिना कुमारी सोमै | उपाध्यक्ष | |
| ३ | श्री बसन्त बहादुर जि.सी. | सदस्य | |
| ४ | श्री चिन्त बहादुर सोमै मगर | सदस्य | |
| ५ | श्री भिम बहादुर मर्साङी मगर | सदस्य | |
| ६ | श्री तुल बहादुर रोका मगर | सदस्य | |
| ७ | श्री मुकुन्द राज शर्मा | सदस्य | |
| ८ | श्री सन्त बहादुर बराल मगर | सदस्य | |
| ९ | श्री मो. हलिम हलुवाइ | सदस्य | |
| १० | श्री टंक प्रसाद सुनार | सदस्य | |
| ११ | श्री शुशिला के.एम. | सदस्य | |
| १२ | श्री चन्द्रिमा थापा | सदस्य | |
| १३ | श्री जिवा सुनार | सदस्य | |
| १४ | श्री खिमा सुवेदी | सदस्य | |
| १५ | श्री चिन्तामणि रेग्मी | सदस्य-सचिव | |
| अन्य उपस्थिति | | | |
| १ | श्री लक्ष्मण [illegible] | [illegible] | |
| २ | श्री टोप बहादुर आले | लेखा अधिकृत | |
| ३ | श्री हुम प्रसाद [illegible] | [illegible] | |

गाउँपालिका
कार्यपालिकाको कार्यालय
प्युठान
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुजेवा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

## सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक (बैठक संख्या -८५)

### मितिः- २०७८/०३/१०

बैठकका प्रस्तावहरु

१. बार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।

२. न्यायिक समितिको प्रतिबेदन सम्बन्धमा ।

३. आर्थिक विधेयक २०७८ सम्बन्धमा ।

४. विनियोजन विधेयक २०७८ सम्बन्धमा ।

५. आ.ब.२०७८।०७९ को बजेट तथा कार्यक्रम सम्वन्धमा ।

६. संशोधित बजेट तथा कार्यक्रम सभामा अनुमोदनको लागी पेश गर्ने सम्वन्धमा ।

७. हाल सम्मको खर्च अनुमोदनको लागी गाउँसभामा पेश गर्ने सम्बन्धमा ।

८. छोरीपेवा वचत कार्यक्रममा नपुग रकम सम्वन्धमा ।

९. लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा खर्च सम्बन्धी मापदण्ड २०७८ सम्वन्धमा

१०. O & M स्वीकृत गरि अनुमोदनका लागी गाउँसभामा पेश गर्ने सम्वन्धमा

११. शिक्षा सम्बन्धी विभिन्न कार्यक्रमहरु सम्बन्धमा ।

१२. गाउँपालिकाका कर्मचारी र शिक्षकहरुको तलव भत्ता तथा सेवा सुविधा सम्वन्धमा ।

१३. सरुमारानी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी ब्यबस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५ संशोधन सम्वन्धमा ।

१४. विविध सम्वन्धमा ।

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुजेवा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

झग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

मिति २०७८ असार १० गते गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्मा ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाका बैठकमा प्रस्तुत प्रस्ताव माथि छलफल गरी सर्वसम्मतिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

निर्णय न.१ बार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।

सरुमारानी गाउँपालिकाको बजेट तर्जुमा तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा सरुमारानी गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम नवौ गाउँसभामा स्वीकृतिको लागी पेश गर्ने निर्णय गरियो ।

निर्णय न.२ न्यायिक समितिको प्रतिबेदन सम्बन्धमा ।

यस सरुमारानी गाउँपालिका, न्यायिक समितिको तर्फबाट आ.ब.२०७७/०७८ मा गरिएको कार्यहरुको न्यायिक समितिको प्रतिवेदन २०७८ लाई नवौ गाउँसभामा स्वीकृतिको लागी पेश गर्ने निर्णय गरियो ।

निर्णय न. ३ आर्थिक विधेयक २०७८ सम्बन्धमा ।

सरुमारानी गाउँपालिकाको बजेट तर्जुमा तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा सरुमारानी गाउँपालिकाको आर्थिक बर्ष २०७८।०७९ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागी स्थानीय कर तथा शुल्क संकलन तथा छुट सम्बन्धि व्यवस्था गर्न वनेको आर्थिक विधेयक २०७८ लाई नवौ गाउँसभामा स्वीकृतिको लागी पेश गर्ने निर्णय गरियो ।

निर्णय न. ४ विनियोजन विधेयक २०७८ सम्बन्धमा ।

सरुमारानी गाउँपालिकाको बजेट तर्जुमा तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा सरुमारानी गाउँपालिकाको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि कुल बजेट रु रकम रु. रु. ४६,५९,५३,२४८/-को स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न वनेको विनियोजन विधेयक २०७८ लाई नवौ गाउँसभामा स्वीकृतिको लागी पेश गर्ने निर्णय गरियो ।

निर्णय न. ५) आ.ब.२०७८।०७९ को बजेट तथा कार्यक्रम सम्बन्धमा ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

झग बहादुर विश्वकर्मा
अध्यक्ष

Scanned with CamScanner

सरुमारानी गाउँपालिकाको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि संघ, प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान, राजश्व वाडफाड, समपुरक/विशेष अनुदान, सशर्त अनुदान र गाउँपालिकाको आन्तरिक आय समेत कुल वजेट रु रकम रु. ४६,५९,५३,२४८/- को चालु तथा पुजीगत शिर्षक, विषयगत तथा क्षेत्रगत रुपमा तयार गरी वजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भएका योजना, कार्यक्रम तथा बजेटलाई नवौ गाउँसभामा स्वीकृतिको लागी पेश गर्ने निर्णय गरियो ।

**निर्णय न.६) संशोधित बजेट तथा कार्यक्रम गाउँ सभामा अनुमोदनको लागी पेश गर्ने सम्बन्धमा**

प्रस्तुत विषयमा यस गाउँपालिकाको चालु आ.ब. २०७७/०७८ को स्वीकृत कार्यक्रम अन्तर्गत २०७७ फागुन देखी हाल सम्म सरुमारानी गाउँकार्यपालिकाको बिभिन्न बैठकबाट संशोधन भएका योजना, कार्यक्रम तथा बजेटलाई अनुमोदनको लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो

**निर्णय न. ७) हाल सम्मको खर्च अनुमोदनको लागी गाउँसभामा पेश गर्ने सम्बन्धमा ।**

यस गाउँपालिकाको चालु आ.ब. २०७७/०७८ को हाल सम्मको प्रगति विवरण र खर्च रकम रु. ४७.५६ प्रतिशत अनुमोदनको लागी नवौ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय न. ८) छोरी पेवा वचत कार्यक्रममा नपुग रकम सम्बन्धमा ।**

यस गाउँपालिकाको चालु आ.ब. २०७८/०७९ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत छोरी पेवा कार्यक्रम शिर्षकमा नपुग रकम रु. १,७५,०००/- गाउँसभाबाट अनुमोदन हुने गरी कन्टेन्जेन्सी रकम शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय न. ९) लैङ्गिकहिंसा निवारण कोष स्थापना तथा खर्च सम्बन्धी मापदण्ड २०७८ सम्बन्धमा ।**

सरुमारानी गाउँपालिकामा हुने लैङ्गिक हिंसाबाट पिडित तथा प्रभावित (महिला तथा किशोरी) हरुलाई तत्काल उद्धार, औषधी उपचार, कानुनी सहायता, मनोवैज्ञानिक उपचार, राहत तथा पुर्नस्थापना गर्ने कार्यका लागी लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा खर्च सम्वन्धी मापदण्ड बनाउन बाञ्छनीय देखिएकाले "लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा खर्च सम्वन्धी मापदण्ड २०७८" लाई स्वीकृत गर्ने निर्णय गरियो।

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

निर्णय न. १०) O & M स्वीकृत गरि अनुमोदनका लागी गाउँसभामा पेश गर्ने सम्बन्धमा ।

यस सरुमारानी गाउँपालिकाको संगठन तथा ब्यबस्थापन सर्भे (O & M सर्भे) को लागी स्थानीय स्वशासन सहयोग मञ्च नेपाल प्रा.लि. काठमान्डौबाट तयार गरी पेश गरेको प्रतिवेदन स्वीकृत गरी अनुमोदनको लागी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय न. ११) शिक्षा सम्बन्धी विभिन्न कार्यक्रमहरु सम्बन्धमा ।

- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत सरस्वती मा.वि चाभा हंशपुरलाई कक्षाकोठा निर्माण शिर्षक अन्तर्गत रु १८ लाख रकम विनियोजन भई संझौता समेत भैसकेकोले उक्त अनुदान रकम एकमुष्ठ रुपमा विधालयका नाममा पेश्की स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।
- यस आ.ब. को सशर्त अनुदान अन्तर्गत विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवंम कार्यसम्पादनमा आधारित प्रोत्साहान अनुदान अन्तर्गत सरस्वती मा.वि. बांगेशाल (नमुना विद्यालय) लाई रु. ५० लाख विनियोजन भई उक्त कार्यक्रमको संझौता भई अधिकांश कामकाज सम्पन्न भैसकेकोले उक्त रकम एकमुष्ट रुपमा अनुदान (पेश्की) स्वरुप विद्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।
- यस आ.ब.को लागी सशर्त अनुदान शिर्षकमा सार्वजिनक विधालयका विद्यार्थीहरुको लागी निशुल्क पाठ्यपुस्तक अनुदान शिर्षकमा प्राप्त रकम पाठ्यपुस्तकको मुल्य अभिबृद्धिका कारण अपुग हुन गएकोले तोकिएका विद्यार्थीको दिवा खाजाका लागी विद्यालय अनुदान शिर्षकमा बचत हुन गएको रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय न.१२) गाउँपालिकाका कर्मचारी र शिक्षकहरुको तलव भत्ता तथा सेवा सुविधा सम्बन्धमा

आगामी आ.ब. २०७८/०७९ देखि अर्को ब्यबस्था नभए सम्म यस सरुमारानी गाउँपालिकाको कार्यालय र सो अन्तर्गत कार्यरत स्थायी/करार कर्मचारीहरु तथा गाउँपालिका क्षेत्र भित्र कार्यरत करार शिक्षक र कर्मचारीहरुको खाईपाई आएको तलव तथा अन्य सुविधा तपशिल बमोजिम स्वीकृत गरी अनुमोदनको लागी गाउँसभा पेश गर्ने निर्णय गरियो ।

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

भिम बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

तपशिल

गाउँपालिका स्थायी/करार कर्मचारी तर्फ

- स्थायी कर्मचारीहरुको नेपाल सरकारले तोकेको तलव भत्ता र अन्य सेवा सुविधा उपलब्ध गराउने ।
- गाउँपालिकाको पूर्वाधार विकास शाखामा कार्यरत प्राविधिक करार कर्मचारी तथा सवारी चालकको तलव नेपाल सरकारले तोकेको तलव स्केल कायम गर्ने ।
- गाउँपालिकाले नियुक्त गरेका अ.न.मी. अ.हे.व. तथा ल्याव असिष्टेन्टहरुको मासिक तलब रु. २०,०००/- कायम गर्ने ।
- अन्य सम्पूर्ण कर्मचारीहरुको तलवमा मासिक रु. २,०००/-ले बृद्धि गर्ने ।

गाउँपालिका अनुदान र अन्य करार शिक्षक र कर्मचारीहरु तर्फ

- हाल खाईपाई आएको तलवमा गाउँपालिका अनुदान शिक्षक अन्तर्गत प्रा.वि. तहका शिक्षकको तलव रु. ३,०००/- तथा नि.मा.वि र मा.वि. तहका शिक्षकको तलवमा रु. २५००/- ले बृद्धि गर्ने ।
- प्रा.वि. तथा नि.मा.वि. एकमुष्ट तलब अनुदानका शिक्षकलाई गाउँपालिका अनुदानमा रुपान्तरण गरी गाउँपालिका अनुदान शिक्षक सरह सेवा सुविधा उपलब्ध गराउने ।
- विद्यालय सहयोगी कर्मचारीको हकमा प्रा.वि.( १-२ सम्म) को मासिक तलव रु. ५,०००/- प्रा.वि.(१-५ सम्म) को मासिक तलव रु. ७५००/- नि.मा.वि.(कक्षा १-८ सम्म) को मासिक तलव रु. १०,५००/- मा.वि.को मासिक तलव रु. रु.१२,०००/- कायम गर्ने । त्यसै गरी वालविकास सहजकर्ताको तलव मासिक रु. १५,०००/- र विधालयका कर्मचारीको मासिक तलव रु. १६,०००/- कायम गर्ने ।

**निर्णय न. १३) सरुमारानी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी ब्यबस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५ संशोधन सम्बन्धमा ।**

सरुमारानी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी ब्यबस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५को प्रस्तावनामा "नेपाल सरकारले स्वीकृत गरेको कर्मचारी दरबन्दीको अधिनमा भन्ने वाक्यलाई संशोधन गरी नेपाल सरकार वा सरुमारानी गाउँपालिकाले स्वीकृत गरेको कर्मचारीको अधिनमा भन्ने शब्द राख्ने" निर्णय गरियो ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

भिम बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बङ्गाडाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

निर्णय न. १४) विविध प्रस्तावहरु सम्बन्धमा ।

- यस सरुमारानी गाउँपालिकाको बहुक्षेत्रीय पोषण कार्यक्रमको चालु आ।ब। को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत पोषण स्वयंसेवकको मासिक निर्वाह भत्ता शिर्षकमा नपुग रकम रु ६,६००/- सोही कार्यक्रमको गाउँपालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारीलाई पोषणको महत्व, बहुक्षेत्रीय पोषण योजना, यसको कार्यान्वयन, अनुगमन तथा प्रतिवेदनबारे १ दिवसीय प्रशिक्षण शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।
- यस गाउँपालिकाको चालु आ.ब. २०७७/०७८ को शसर्त अनुदान अन्तर्गत स्थानीय तहको लैंगिक हिंसा निवारण कोषमा प्राप्त भएको रकम रु. १०००००/- रकम विविध खातामा ट्रान्सफर गर्ने निर्णय गरियो।
- यस गाउँपालिकाको चालु आ.ब. २०७७/०७८ को चालु प्रशासनिक शिर्षक अन्तर्गत कर्मचारी कल्याण कोषमा विनियोजन भएको रकम रु. ५,००,०००/- रकम विविध खातामा ट्रान्सफर गर्ने निर्णय गरियो।
- यस गाउँकार्यपालिकाको मिति २०७८/३/०६ गतेको बैठकको निर्णय न. ४ बाट नदिजन्य पदार्थ निकासी कार्यमा यस कार्यालयबाट खटिएका कर्मचारीहरुलाई रु. ७००/- का दरले रोयल्टि रकमबाट दैनिक फिल्ड भत्ता भुक्तानी दिने निर्णय भएकोमा सो शिर्षकबाट भुक्तानी दिन कठिनाई भएकोले सो फिल्ड भत्ता रकम चालु प्रशासनीक खर्च शिर्षकको अन्य सेवा शुल्क शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।
- मालपोत कार्यालय जसपुर प्यूठानको मिति २०७७।१२।२९ च.न. १४०० को पत्र अनुसार आ.व २०७७/०७८ को लागी यस गाउँपालिकामा मालपोत रजिष्ट्रेशन वापत प्राप्त भएको रकम मध्ये मालपोत कार्यालय जस्पुर, प्यूठानलाई रु ८६,०००/- चालु प्रशासनिक शिर्षकमाको अन्य संस्था अनुदान शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।
- यस गाउँपालिकाको फोहरमैला ब्यबस्थापन कार्यक्रमको लागी नपुग रकम रु. ५०,०००/- कन्टेन्जेन्सी रकम बाट भुक्तानी गर्ने निर्णय गरियो ।
- दर्भान बजार लिफ्ट खानेपानीको मोटर बिग्रन गई खानेपानी आपुर्ति बन्द भएको कारण मोटर खरिद गरी जडान समेत भैसकेकोले उक्त मोटर खरिद गर्दा लागेको खर्च रकम रु. ७५ हजार दर्भान लिफ्ट खानेपानी उपभोक्ता तथा सरसफाई समितिको खातामा भुक्तानी दिने सर्वसम्मत निर्णयबाट पारित गरियो ।

उपरोक्त निर्णयहरु गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

प्रमाणिकरण मिति: २०७८/०३/१०

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner